**गुराँस राजपत्र**

**गुराँस गाउँपालिकाद्धारा प्रकाशित**

**खण्डः १०** **संख्याः २६** **मितिः २०८३।०५।१६**

**भागः २**

**गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# जनजाति सामुदायिक होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले जनजाति सामुदायिक होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ ।**

**गुराँस गाउँपालिका**

**जनजाति सामुदायिक होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणीकरण मितिः २०८३/०५/१५

**प्रस्तावनाः**

स्थानीय तहभित्र रहेका आदिवासी जनजाति समुदायको मौलिक संस्कृति, परम्परा, खानपान र जीवनशैलीको संरक्षण तथा संवर्धन गर्दै पर्यटन प्रवर्धन मार्फत स्थानीय स्तरमा रोजगार र आयआर्जनका अवसर सिर्जना गर्न वान्छनीय भएकोले गुराँस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) अनुसार गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि बनाइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. **नाम:** यस कार्यविधिको नाम **"जनजाति सामुदायिक होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

२. **प्रारम्भ:** यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

१. **"पालिका"** भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

२. **"जनजाति सामुदायिक होमस्टे"** भन्नाले जनजाति समुदायको बहुलता रहेको बस्तीमा पर्यटकलाई बसोबास, स्थानीय खानपान र सांस्कृतिक अनुभव गराउने उद्देश्यले गठन भई सञ्चालित होमस्टे सम्झनु पर्छ।

३. **"सामुदायिक होमस्टे समिति"** भन्नाले होमस्टे सञ्चालनका लागि सञ्चालकहरू मिलेर गठन गरेको समिति सम्झनु पर्छ।

**४. उद्देश्य**

१. जनजाति समुदायको परम्परागत कला, संस्कृति, भाषा, भेषभूषा र स्थानीय खानपानको संरक्षण गर्नु।

२. ग्रामीण पर्यटन (Rural Tourism) मार्फत स्थानीय बासिन्दाको आयआर्जन र जीवनस्तरमा सुधार ल्याउनु।

३. आन्तरिक तथा बाह्य पर्यटकहरूलाई अर्गानिक तथा मौलिक आतिथ्यताको अनुभव गराउनु।

**५. होमस्टे सञ्चालनका न्यूनतम मापदण्ड तथा योग्यता**

सामुदायिक होमस्टे दर्ता वा सञ्चालनका लागि देहायका मापदण्ड पूरा भएको हुनुपर्नेछ:

१. **घर संख्या:** कम्तीमा **५ देखि १५** वटा घरहरू संगठित भई समिति गठन भएको हुनुपर्ने।

२. **स्थानीयता र जनजाति बाहुल्यता:** सम्बन्धित जनजाति समुदायको मौलिकता झल्किने घर/बस्ती हुनुपर्ने।

३. **कोठा र पूर्वाधार:**

   क) प्रतिघर कम्तीमा १ देखि २ वटा सफा, हावा, उज्यालो छिर्ने पाहुना कोठा (Guest Room)।

   ख) सफा र स्वच्छ शौचालय तथा स्नानगृहको व्यवस्था।

   ग) सुरक्षित पिउने पानी र बत्तीको उचित प्रबन्ध।

४. **खानपान:** स्थानीय स्तरमा उत्पादित अर्गानिक खाना र जनजाति समुदायको परम्परागत परिकार पस्कनु पर्ने।

५. **सुरक्षा र सरसफाइ:** पाहुनाको सुरक्षा, वातावरणीय सरसफाइ र फोहोर व्यवस्थापनको उचित प्रबन्ध हुनुपर्ने।

**६. दर्ता तथा अनुमति प्रक्रिया**

१. **निवेदन पेश गर्ने:** समितिले वडा कार्यालयको सिफारिस सहित पालिकाको उद्यम शाखामा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

२. **स्थलगत निरीक्षण:** गाउँपालिकाको प्राविधिक तथा आर्थिक विकास समितिका प्रतिनिधि सम्मिलित टोलीले स्थलगत अनुगमन गरी मापदण्ड पुगे/नपुगेको प्रतिवेदन दिनेछ।

३. **अनुमतिपत्र/दर्ता:** प्रतिवेदनका आधारमा पालिकाले गुराँस गाउँपालिका होमस्टे (घरवास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा ३ बमोजिम **"सामुदायिक होमस्टे सञ्चालन स्वीकृति प्रमाणपत्र"** जारी गर्नेछ।

**७. पालिकाबाट प्राप्त हुने अनुदान तथा सहयोग**

- **पूर्वाधार विकास:** पदमार्ग, सूचना बोर्ड, सामुदायिक भवन, वा सांस्कृतिक सङ्ग्रहालय निर्माणमा सहयोग।
- **क्षमता विकास:** होमस्टे सञ्चालकहरूका लागि आतिथ्यता (Hospitality), कुकिङ (Local Cuisine), सरसफाइ र व्यवस्थापन सम्बन्धी तालिम।
- **सांस्कृतिक सामग्री:** जनजाति बाजागाजा, परम्परागत भेषभूषा र सांस्कृतिक झाँकी व्यवस्थापनका लागि आर्थिक/जिन्सी सहयोग।

- **प्रवर्धन:** पालिकाको वेबसाइट, ब्रोसर र पर्यटन मेलाहरू मार्फत होमस्टेको प्रचार-प्रसार।

## ८. सञ्चालक तथा समितिको कर्तव्य र दायित्व

- पर्यटकहरूसँग शिष्ट र आदरणीय व्यवहार गर्ने।
- स्थानीय दररेट (Tariff) पारदर्शी रूपमा तोक्ने र प्रदर्शन गर्ने।
- पर्यटकको व्यक्तिगत विवरण (नाम, ठेगाना, सम्पर्क, नागरिकता/पासपोर्ट) रजिस्टरमा दुरुस्त राख्ने।
- कुनै गैरकानुनी वा अनैतिक गतिविधि हुन नदिने।

## ९. अनुगमन तथा नियमन समिति

होमस्टेको गुणस्तर कायम राख्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ:

- **संयोजक:** गाउँपालिका उपाध्यक्ष
- **सदस्य:** सम्बन्धित वडाका अध्यक्ष
- **सदस्य:** आर्थिक विकास समिति संयोजक
- **सदस्य-सचिव:** उद्यम विकास शाखा फोकल पर्सन

## १०. दर्ता खारेजी वा निलम्बन

तोकिएको मापदण्ड पालना नगरेमा, अनैतिक कार्य भएमा वा पाहुनामाथि अभद्र व्यवहार भएको पाइएमा पालिकाले अनुगमन समितिको सिफारिसमा होमस्टेको स्वीकृति/दर्ता खारेज गर्न सक्नेछ।

## ११. संशोधन

यस कार्यविधिमा कुनै परिमार्जन वा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।

**अनुसूची- १**

**गुराँस गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रानीमत्ता, दैलेख**

**पत्र संख्या:** ................... **मिति:** २०..... / ..... / .....

**प्रमाण पत्र नं.:** ...................

**सामुदायिक होमस्टे सञ्चालन स्वीकृति प्रमाणपत्र**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गुराँस गाउँपालिका होमस्टे (घरवास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा ६ बमोजिम देहायको सामुदायिक होमस्टेलाई नियमानुसार होमस्टे (घरवास) व्यवसाय सञ्चालन गर्न यो सञ्चालन स्वीकृति प्रमाणपत्र प्रदान गरिएको छ।

**१.** होमस्टे सम्बन्धी विवरण:

१. सामुदायिक होमस्टेको नाम: ....................................................................................

२. ठेगाना: गुराँस गाउँपालिका, वडा नं. ....., ................... (स्थान)

३. अध्यक्ष/सञ्चालकको नाम: ....................................................................................

४. सम्पर्क नं.: ....................................................................................

५. आबद्ध घरधुरी संख्या: ................... घर

६. जम्मा पर्यटक क्षमता (कोठा/शैया): ..... कोठा / ..... शैया

प्रमाणपत्र जारी गर्नेको दस्तखतः

नामथरः

मितिः

२. सञ्चालन सम्बन्धी शर्तहरू:

१. प्रचलित कानून, स्थानीय तहको कार्यविधि तथा मापदण्ड बमोजिम तोकिएका न्यूनतम सुविधाहरू कायम गरी होमस्टे सञ्चालन गर्नुपर्नेछ।

२. आगन्तुक (पर्यटक) हरूको सुरक्षा, सरसफाइ, स्वास्थ्य तथा गुणस्तरीय सेवा-सुविधाको पूर्ण ग्यारेन्टी गर्नुपर्नेछ।

३. स्थानीय कला, संस्कृति, परम्परा र वातावरणको संरक्षण तथा सम्बर्धन हुने गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

४. प्रत्येक वर्ष तोकिएको समयसीमा भित्र नियमानुसार यो प्रमाणपत्र नवीकरण गराउनुपर्नेछ।

| सि नं | नवीकरण अवधि (देखि- सम्म) | | नवीकरण गर्नेको सही | रसीद नं र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत